उत्तरगया गाऊँसभा सभाध्यक्ष महोदय,
गाऊँसभा सदस्य ज्यूहरु,
राष्ट्रसेवक कर्मचारी साथै पेशाकर्मी,
मिडियाकर्मी, नागरिकसमाजका प्रतिनिधि ज्यूहरु,
समाजसेवी, बुद्धिजिवी साथै विकास प्रेमी उत्तरगयाबासी बुवाआमा, दिदिबहिनी तथा दाजुभाईहरु

स्थानिय तहको रुपमा २०७३ फाल्गुन २७ मा स्थापित उत्तरगया गाउँपालिका साविक तीन गाउँ विकास समिति र हाँकु गाउँ विकास समितिको वडा नं. ८ र ९ मिलेर बनेको छ । पाँच वटा वडा भएको यस गाउँपालिका हिमाली जिल्ला रसुवामा पर्ने भएता पनि विकास र सम्वृद्धिको प्रचुर सम्भावना भएको गाउँपालिका हो । यसर्थ आपसी समझदारी, इमानदारी र जिम्मेवारीलाई केन्द्रमा राखी विकास र समृद्धीको लागि प्रतिवद्ध भएमा उत्तरगयाको सामाजिक आर्थिक मुहारमा नविनता ल्याउन सकिने कुरामा हामी विश्वस्त छौ ।

सभाध्यक्ष महोदय,

महान सहिदहरुको त्याग र वलीदानीले गर्दा आज हामी नागरिकको घर दैलोमा जनमुखी सरकारको उपस्थिति गराउदै प्रत्यक्ष लोकतन्त्रको सुन्दर अभ्यासमा जुटेका छौ । यसर्थ लोकतन्त्र र सामाजिक रुपान्तरणका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु । साथै जनआन्दोलनका घाइते वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्न चाहन्छु ।

संघिय र प्रदेश तहको निर्वाचन तथा मानवस्रोतको कमी साथै कानूनी अन्यौलताका वावजुत पनि आर्थिक वर्ष २०७५/०७६ मा उल्लेखय वित्तिय तथा भौतिक प्रगती गर्न सकेको कुरा सम्मानित सभा सामू राख्न चाहन्छु । नागरिकका चाहना र आवश्यकतालाई केन्द्रमा राखी जनमैत्री शासन प्रणालिलाई अवलम्वन गरी स्थानिय सरकारको महशुस गराउन सकिएको कुरा पनि म सम्मानित सभासामू राख्न चाहन्छु ।

प्रस्तुत बजेट तथा कार्यक्रमले उत्तरगया गाउँपालिकामा समृद्ध तथा समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्ने सोचका साथ जनताले प्रत्यक्ष महशुस गर्ने विकास कृयाकलापहरु संचालन गर्ने लक्ष्य लिएको छ । प्रस्तुत सोचलाई मूर्त रुप दिदै लक्ष्य प्राप्त गर्न आर्थिक वर्ष २०७५/०७६ को वजेट तथा कार्यक्रमका उद्देश्यहरु यस प्रकार छन्:

- समाजिक विकासलाई उच्च प्राथमिकता दिदै प्राप्त उपलब्धीलाई दिगो र समावेसी गराउने,
- पूर्वाधार विकास मार्फत गरिबी निवारण गर्ने
- आर्थिक क्षेत्रहरुको सवलीकरण गर्ने,
- संस्थागत सुधार र सुशासनलाई बढवा दिने,

**सभाध्यक्ष महोदय,**

यी सोच, लक्ष्य तथा उदेश्यहरुको सेरोफेरोमा रहेर आर्थिक वर्ष २०७५/०७६ को वजेट तथा कार्यक्रम पेश गर्दछु :

**(क) आर्थिक विकास**

- अर्थतन्त्रको धरोहरको रुपमा रहेको सहकारीको प्रवर्द्धन, नियमन र प्रशिक्षणका लागि रु ७ लाख विनियोजन गरिएको छ ।
- उत्तरगयाको पर्यटन सम्भावनाहरुलाई क्रमशः उजागर गर्दै धार्मिक, सांस्कृतिक तथा पर्या पर्यटनलाई प्रवर्द्धन गरिनेछ । यस क्षेत्रलाई उच्च प्राथमिकता दिदै आवश्यक स्रोतको व्यवस्था गरी प्रवर्द्धन गर्दै लगिने छ ।
- उत्तरगयाको कृषि क्षेत्रको प्रवर्द्धन गरी कृषि कार्यक्रमहरु गुणात्मक तवरले सञ्चालन गर्न रु ५० लाख विनियोज गरिएको छ ।
- उत्तरगयामा पशु विमा कार्यक्रम साथै अन्य पशु विकास कार्यक्रमको लागि रु ३५ लाख विनियोजन गरिएको छ ।

**(ख) सामाजिक विकास**

सामाजिक विकास विनाको आर्थिक विकास दीगो नहुने भएकोले सशर्त कार्यक्रम वाहेक समग्र उत्तरगया क्षेत्रको सामाजिक विकासलाई समेट्ने गरी शिक्षामा रु ३० लाख ९ हजार, महिला विकासमा रु २५ लाख, आयुर्वेदमा रु १५ लाख र स्वास्थ्यमा रु ७० लाख रकम विनियोजन गरिएको छ ।

लक्ष्यीत वर्ग कोषको लागि रु १० लाख विनियोजन गरीएको छ । उत्तरगया वडा नं. ४ भलायडाँडा युवा समाजलाई भाडाँकुडा खरिदको लागि रु १ लाख विनियोजन गरिएको छ ।

(ग) पूर्वाधार विकास

उत्तरगया क्षेत्रको पूर्वाधार विकासको लागि पुँजिगत मर्मत सुधारमा रु ५५ लाख विनियोजन गरीएको छ । यसैगरी गाउपालिकाको सेवा प्रवाहलाई सहजीकरण गर्न भवन निर्माणको लागि रु १५ लाख विनियोजन गरिएको छ ।

वडागत पूर्वाधार विकासका आयोजनाहरु र अनुमानित विनियोजित रकमको विवरण यसप्रकार रहेको छ :

| क.स. | आयोजनाको विवरण | अनुमानित विनियोजित रकम |
|---|---|---|
| १ | गणेश प्रा. वि शिरुचेत घेरावार तथा खेलमैदान निर्माण | १० लाख |
| २ | कामरुङ देखि करमर्याङ हुदै तिरु निस्कने सडक निर्माण | ३५ लाख |
| ३ | चेङगु देखि सिरुचेत स्कुल हुदै भदौरे धार्ना कृषि सडक निर्माण | १५ लाख |
| ४ | चुरे खोलाबाट सार्फको बोट सिमेनटेड सिडि बाटो निर्माण | १० लाख |
| ५ | गोटा गाउँ देखि साप्कोटा टोल सिमेनटेड सिडि बाटो निर्माण | ८ लाख |
| ६ | खड्कु बस्ती ककिट सिडि निर्माणं | १५ लाख |
| ७ | वास्कोटे देखि चुच्चेढुङा सडक निर्माण | १० लाख |
| ८ | डाँडागाउँ खेल मैदान निर्माण | २२ लाख |
| ९ | भागेगाउँ सिमेन्टेट सिडि निर्माण | १० लाख |
| १० | भदौरेटोल वाहुन वस्ती सिमेन्टेट सिडि निर्माण | ७ लाख |
| ११ | सालिम भित्ता सिचाई निर्माण | ५ लाख |
| १२ | चौतारा मन्दीर देखि सरस्वती नि.मा. विसम्म सडक निर्माण | ५ लाख |
| १३ | पैरे सिरान टोल नयाँ टार्याक निर्माण | ५ लाख |
| १४ | छाप टोल देखि ठूलोबाटो सिमेन्टेड सिडि निर्माण | १० लाख |
| १५ | स्वास्थ्य चौकि शौचालय तथा निर्माण | ५ लाख |
| १६ | ठूलोवारी टोलबाट पात्ले सम्म नयाँ ट्र्याक निर्माण | १० लाख |
| १७ | वुद्ध स्तुपा निर्माण ठूलो आगन | ५ लाख |
| १८ | सरस्वती आधारभुत विद्यालय घेरावार निर्माण | ५ लाख |
| १९ | भुमेदेवि मा. वि घेरावार निर्माण | १० लाख |
| २० | कर्मिडाँडा कोलडाँडा देखि कटुन्जे सम्म सडक बाटो निर्माण | ७ लाख |

| | | |
|---|---|---|
| २१ | तल्लो विमिरे सडक मर्मत | ५ लाख |
| २२ | उपल्लो ढुङे सडम मर्मत | ५ लाख |
| २३ | देउराली सडक निर्माण | २ लाख |
| २४ | पारिपाखा देखि सडक सम्म गोरेटोबाटो निर्माण | २ लाख |
| २५ | कदमगैरि सडक निर्माण | २ लाख |
| २६ | गलान टोल र बुलुन टोल सिढि बाटो तथा खानेपानी मर्मत | ७ लाख |
| २७ | घलेगढी कमारे गढी पर्यटकीय स्थान निर्माण निरन्तरता | ५ लाख |
| २८ | विमिरेमा थिङ र घले टोल खानेपानी निर्माण | ४ लाख |
| २९ | मनिगाँउ चौतारा देखि गाँउ पुछार सम्म सिढी बाटो निर्माण | ७ लाख |
| ३० | कर्मिडँडा साझा आरन घेरावार तथा मर्मत | ३ लाख |
| ३१ | कर्मिडाँडा राम मन्दीर निर्माण | ३ लाख |
| ३२ | बेतेगौडा सिचाई मर्मत | ४ लाख |
| ३३ | ढुङे आधारमुत विद्यालय ग्रिल जडान | ३ लाख |
| ३४ | पहरेखोला हुदै पहरेटोल खानेपानी मर्मत | १ लाख |
| ३५ | डढारे खोला मुहान गरि सिम्ले क्रसिङ खानेपानी निर्माण | ४ लाख |
| ३६ | ठूलो पँधेरा माझगाउ खानेपानी मर्मत | १ लाख |
| ३७ | भकारी ढुङ्गा मुहान गरि तल्लो पहिरे खानेपानी निर्माण | ३ लाख |
| ३८ | भोलेगाँज मूल संरक्षण | ५० हजार |
| ३९ | तिवारी चौतारा देखि उपल्लोपौवा गाउँ कृषि सडक निर्माण | ८ लाख |
| ४० | ओपेडाँडा देखि सिम्ले पहिरो देखि वेत्रावती चेकपोष्ट सम्म कंक्रिट ढलान बाटो निर्माण | १० लाख |
| ४१ | पासाङ ल्हामु सडक देखि ओपेडाँडा सम्म कंक्रिट सिढी निर्माण | ३ लाख |
| ४२ | ठूलो पधेरा कुवा देखि माझगाँउ सम्म कंक्रिट ढलान बाटो निर्माण | ४ लाख ५० हजार |
| ४३ | वल्लो पल्लो वनुवा जोड्ने ढलानबाटो निर्माण | ५ लाख |
| ४४ | वोगटीटार तल्लोबाटो देखि नीलकण्ठ मा. वि जाने ढलानबाटो | ५लाख |
| ४५ | ट्रिनिटि स्कुल देखि पासाङ ल्हामु सडक सम्म ढलान सिढीबाटो निर्माण | ३ लाख |
| ४६ | कैदलेटार सामुदायिक भवन देखि सोले झोलुङे पुल सम्म रेलिङ बार निर्माण | २ लाख |
| ४७ | माझगाँउ देखि सादि खोला सम्म ढलानबाटो निर्माण | ३ लाख |

| | | |
|---|---|---|
| ४८ | वडा नं ५ र आर्यूवेद घेरावार निर्माण | ४ लाख ५० हजार |
| ४९ | वडा नं ५ भित्र स्थान पहिचान गरि ५ ठाँउमा फ्रि वाइफाई जडान | २ लाख ५० हजार |
| ५० | पौवा देखि लहरेसम्म ढलान सिढिबाटो निर्माण | ४ लाख |

उल्लेखित कार्यक्रम तथा आयोजनाहरुमा अनुमानित लागत सहितको वजेट विनियोजन गरिएको छ।

पुर्वाधार निर्माण लगायत पुजिगत मर्मत सुधार जस्ता नागरिकका तत्कालिन विकास आवश्यक्तालाई संवोधन गर्न हरेक वडामा रु ५ लाखको दरले पाँच वटा वडालाई रु २५ लाख विनियोजन गरिएको छ। गाउपालिका मार्फत नागरिकका तत्कालिन विकास आवश्यतालाई संबोधन गर्न रु ३० लाख नागरीकको विकास आवश्यकतामा आधारीत नागरीक विकास कोष स्थापना गर्ने व्यवस्था गरीएको छ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

निजि तथा सार्वजनिक स्थलमा वृक्षारोपण कार्यक्रम मार्फत हरियाली उत्तरगयालाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ। यसको लागि निशुल्क विरुवा वितरणको व्यवस्था गरिने छ।

उत्तरगया क्षेत्रमा निर्मित विपद् व्यवस्थापन केन्द्रको उचित संरक्षण गर्दै आउन सक्ने विपद्को सामना गर्न तत्काललाई रु१० लाख सहितको विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। यस कोषमा अन्य श्रोतबाट प्राप्त रकम वा अनुदान जम्मा गरी कार्य विधि बनाएर परिचालन गरिने छ। समग्र उत्तरगया क्षेत्रको भुसंरक्षण कार्यक्रमको लागि रु २० लाख विनियोजन गरीएको छ

वातावरणीय कार्यक्रमको लागि रु ५ लाख विनियोजन गरीएको छ। वातावरणीय अध्ययनको लागि आवश्यक रकम विनियोजन गरीएको छ।

(ङ) संस्थागत विकास तथा सेवा प्रवाह

शुसान प्रवर्द्धन र सेवा प्रवाहलाई व्यवस्थित गराउन आवश्यक रकमको सुनिश्चितता गरेको छ । विविध कार्यकम संचालनको लागि आवश्यक सवारी खरिदको लागि अनुमानित रकम रु ५० लाख विनियोजन गरिएको छ । नयाँ वडा कार्यालय तथा गाउँ कार्यपालिका शाखा,उपशाखा,इकाइहरुको व्यवस्थापनका लागि आवश्यक मेशिनरीको लागि रु १५ लाख तथा फर्निसिङ फिक्चर्सको लागि रु १५ लाख विनियोजन गरिएको छ । समपुरक कोष र शेयर लगानीको लागि रु २५ लाख विनियोज गरिएको छ । पूँजिगत अनुसन्धान तथा परामर्शको लागि रु १५ लाख विनियोजन गरीएको छ । गाउँपालिकाको लागि आवश्यक जग्गा प्राप्तिको लागि रु ३० लाख विनियोजन गरीएको छ ।

आ.व.०७५/०७६ को लागि योजना कार्यक्रम तर्जुमा गर्दा वजेट श्रोत सीमितताको कारण स्थानीय जनताबाट माग भएका सबै योजनाहरुलाई गाऊँपालिकाको वजेटमा समेट्न नसकिएकोमा क्षमापार्थी छु । वजेट कार्यकममा समेट्न नसकिएका योजना कार्यकमलाई योजना वैंकमा राखी भविष्यमा थप वजेट स्रोत उपलब्ध भएमा सोही योजना वैंकमा रहेका योजना कार्यकमलाई उच्च प्राथमिकताका साथ स्वीकृत गरी सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ।

**सभाध्यक्ष महोदय,**

उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को आय व्ययंको संक्षिप्त विवरण यस प्रकार छ ।

आर्थिक वर्ष २०७५/७६ को लागि संघिय सरकारबाट प्राप्त वित्तिय समान्यिकरण अनुदान रु ६ करोड ७५ लाख, संघिय सरकारबाट प्राप्त कार्यकम सहितको सशर्त अनुदान रु ८ करोड ७९ लाख, संघिय सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रु ३ करोड ३१ लाख २० हजार, प्रदेश सरकारबाट प्राप्त वित्तिय समान्यिकरण अनुदान रु ७७ लाख २६ हजार, प्रदेश सरकारबाट प्राप्त कार्यकम सहितको सशर्त अनुदान रु १ करोड ७६ लाख २१ हजार, प्रदेश सरकारबाट प्राप्त सवारी करको रु ५३ लाख ७३ हजार, अघिल्लो वर्षको अनुमानित वचत रु ९२ लाख र आन्तिरिक राजस्वबाट १० लाख गरी कूल २२ करोड ९४ लाख ४० हजार अनुमानित आय प्रक्षेपण गरिएको छ ।

कुल अनुमानित आय मध्ये संघिय र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको रकम रु १० करोड ५५ लाख २१ हजारलाई संघिय र प्रदेश सरकारको वजेटमा तोकिएको कार्यक्रममा खर्च गरिने छ । कुल अनुमानित २२ करोड ९४ लाख ४० हजार मध्ये ३ करोड ६० लाख १० हजार चालुतर्फ विनियोजन गरिएको छ । बिषयगत कार्यालयको कार्यक्रमको लागि रु २ करोड ३७ लाख ९ हजार विनियोजन गरिएको छ । संघिय र प्रदेश सशर्त कार्यक्रममा रु १० करोड ५५ लाख २१ हजार र गाउपालिका तथा वडा कार्यालयको पुजिंगत कार्यक्रममा रु ६ करोड ४२ लाख विनियोजन गरिएको छ ।

प्रस्तुत वजेट तर्जुमा सहयोग पुऱ्याउनु हुने अग्रजहरु, सक्रिय सहभागिता देखाउनु हुने गाउँसभा सदस्यज्यूहरु, वुद्धिजिवी, पेशाकर्मी, आम नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा उत्तरगयाको विकास र समृद्धिमा रचनात्मक सहयोग र सद्भाव पुऱ्याउने व्यक्तित्वहरु साथै सँघसंस्थाहरु प्रति आभार व्यक्त गर्दै स्थानिय तह गठन पश्चात प्रस्तुत गरिएको उत्तरगया गाउँपालिकाको दोस्रो वजेट कार्यान्वयनमा सवै वर्ग क्षेत्रहरुको खुल्ला सहयोगको अपेक्षा गरेको छु ।

प्रस्तुत वजेटका आफ्नै सीमाहरु हुन सक्छन् । यस वजेटले अपेक्षित रुपमा सवै वर्ग क्षेत्रहरुलाई पूर्ण रुपमा समेट्न नसकेको हुन सक्छ । प्रश्न भन्दा उत्तरहरुको खोजी, समस्या भन्दा समाधानहरुको मार्ग पहिल्याई वार्षिक मार्ग चित्र होईन कि अव हामी हाम्रा दर सन्तान, भावी पुस्ताले उत्तरगयावासी हुँदा गर्व गर्न सक्ने विकासको खाका कोर्न जुटौ साथै कमी कमजोरीबाट पाठ लिदै लोकतान्त्रिकमार्ग पछ्याउदै शान्ति र समृद्धिको गन्तव्य तिर लम्कौ । चुनौतीसँग डराउनेहरुनै अवसरबाट वञ्चित हुने भएकोले थप चुनौतीहरुलाई स्वागत गर्दै विवेक, विश्वास र विधिको शासन मार्फत अगाडी बढौं । अहिलेसम्मका हरेक उपलब्धीहरु नै यिनै आशा, भरोसा र कर्मका प्रतिफलहरु हुन् ।

**धन्यावाद,**
**जय उत्तरगया, जय नेपाल ।**
**चमेली गुरुङ**
**उपाध्यक्ष**